# कृषि तथा वन विज्ञान विश्वविद्यालय

रजिष्ट्रारको कार्यालय
चितवन, नेपाल

सम्पर्क कार्यालय
पो. ब. नं. १३७१२
विनायक, धुर्वमार्ग,
मीनभवन, काठमाण्डौं


मिति:२०६९।९।२४

## स्नातक तहको भर्ना सम्वन्धि सूचना

कृषि स्नातक (B.Sc.Ag), पशु चिकित्सा स्नातक (B.V.Sc.&AH) र वन स्नातक (B.Sc.Forestry) शैक्षिक कार्यक्रममा अध्यापन गर्न चाहने विद्यार्थीहरुको लागी पूर्व प्रकाशित सूचनामा निम्नानुसार वुँदाहरुमा परिमार्जन गरीएकोले यो सूचना प्रकाशित गरीएको छ ।

१) आवेदन फाराम वितरण गरिने अन्तिम मिति २०६९ पौष २५ गतेसम्म वढाईएको छ । तर दोब्बर शुल्क तिरी केन्द्रिय कार्यालय, भरतपुरवाट २०६९ पौष २८ गते सम्म कार्यालय समय भित्र आवेदन फाराम वुझाउन सकिने छ ।

२) प्रवेश परीक्षा २०६९ माघ ८ गते हुनेछ ।

३) २०६९।७।२६ गते प्रकाशित सूचनाको कोटाहरुलाई यस प्रकार परिमार्जित गरीएको छ । B.Sc.Ag., B.V.Sc.& AH र B.Sc.Forestry मा क्रमश: ११०, ४०, ४० जना गरी जम्मा १९० जना विद्यार्थी भर्ना लिइने छ । प्रत्येक संकायमा निम्नानुसारको विद्यार्थी भर्ना संख्या हुनेछ ।

| | कृषि | भेटेनरी | वन |
|---|---|---|---|
| क) मेरीट | ४६ | १८ | १८ |
| ख) क्षेत्रिय स्कूललाई नभए वोर्डिङ स्कूल | १५ | ५ | ५ |
| ग) दलित | ४ | १ | १ |
| घ) जनजाती | ४ | १ | १ |
| ङ) मधेसी | ४ | १ | १ |
| च) छात्रा | ६ | १ | १ |
| छ) अपाङ्ग | २ | १ | १ |
| ज) शहिद परीवार | १ | १ | १ |
| झ) द्वन्द पिडित | २ | १ | १ |
| ञ) स्टाफ कोटा सहुलियत | ३ | १ | १ |
| ट) स्टाफ पूर्ण शुल्क | १ | १ | १ |
| ठ) पूर्ण शुल्क Udf | २२ | ८ | ८ |
| **जम्मा** | ११० | ४० | ४० |


चितवन फोन :०५६-५२०६०२

काठमाण्डौं फोन नं. : ०१-४१०६२४७
फ्याक्स नं. : ०१-४१०६२४८

सम्पर्क कार्यालय
पो. ब. नं. १३७१२
विनायक, धुर्वमार्ग,
मीनभवन, काठमाण्डौं


नेपाल सरकार, कृषि अनुसन्धान परिषद् लगायत सरकारी अर्धसरकारी संस्थावाट मनोनय भई आउने मनोनयीलाई कोटामा समावेश गरीएको छैन् । स्टाफ कोटाको लागी कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन २०६७ बमोजिम समावेश भएका कृषि तथा पशु विज्ञान अध्ययन संस्थान डीनको कार्यालय, रामपुर, रामपुर क्याम्पस, रामपुर र हेटौडा वन क्याम्पसमा कार्यरत शिक्षक/कर्मचारी (यस विश्वविद्यायमा समायोजन हुन इच्छुक) हरुका आश्रित मध्येवाट श्रीमान वा श्रीमती/ छोरा वा छोरी मध्येवाट नियमानुसार आवेदन दिएका र प्रवेश परिक्षा उर्तिण गरेका सम्पूर्ण मध्येवाट योग्यताक्रम (merit) अनुसार निधारित कोटा अनुसार भर्ना लिइने छ ।

४) सरकारी स्कूलवाट संवन्धित जिल्लावाट उर्तिण भएका विद्यार्थीहरुलाई प्राथमिकता दिइनेछ । यदि सिट संख्या अपुग भएमा निजी विद्यालयवाट उर्तिण हुने विद्यार्थीहरुले मौका पाउने छ ।

५) आरक्षित कोटाका भर्ना हुने विद्यार्थी संख्या अपुग भएमा मेरीटकोटामा जोडिने छ ।

६) UDF (University Development Fund) अन्तर्गत भर्ना हुने चाहने विद्यार्थीहरुले तोकिएको अवधि र ढाँचामा नियमानुसार आवेदन दिनु पर्नेछ । साथै त्यस्ता आवेदकहरु मध्ये निर्धारित कोटाको लागी योग्यता क्रमको आधारमा भर्ना लिइने छ ।

७) छात्रा, अपाङ्ग, दलित, जनजाती, मधेशी, शहिद परिवार, द्वन्दपिडित, स्टाफ र पाँच विकास क्षेत्रका विद्यार्थीहरुको लागी केहि सिट छुट्याइएको छ । पाँच विकास क्षेत्रको क्षेत्रिय कोटाका लागी पूर्ण सरकारी अनुदानमा सन्चालित सामुदायिक विद्यालयवाट S.L.C. परीक्षा उर्तिण गर्ने विद्यार्थीलाई पहिलो प्राथमिकता दिइने छ । विद्यार्थीको संख्या अपुग भएमा मात्र अन्य विद्यार्थीलाई योग्यता क्रमको आधारमा निर्धारित कोटा अन्तर्गत भर्ना लिइने छ । छात्रा कोटा र क्षेत्रिय कोटामा बाहेक अन्य कोटामा भर्ना हुन इच्छुक प्रवेश परीक्षा उर्तिण हुने विद्यार्थीले २०६९ माघ १५ गते कार्यालय समयभित्र निम्नानुसार कोटाका लागी निम्नानुसार निकायको प्रमाण सहित तोकिएको अवधि र ढाँचामा नियमानुसार आवेदन दिनु पर्नेछ । साथै उक्त कोटाका लागी भर्ना पाउन इच्छुक आवेदन दिने आवेदक मध्ये निर्धारित कोटामा योग्यता क्रमको आधारमा भर्ना लिइने छ ।

१. दलित कोटाः राष्ट्रिय दलित आयोग ।
२. मधेशी कोटाः सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय ।
३. जनजाती कोटाः आदिवासी जनजाती राष्ट्रिय महासंघ ।
४. अपांङ्ग कोटाः बालबालिका, महिला तथा समाज कल्याण मन्त्रालय ।
५. शहिद परिवार कोटाः नेपाल सरकार ।
६. द्वन्द्वपिडित परिवार कोटाः नेपाल सरकार ।
७. स्टाफ कोटाः सम्बन्धित शिक्षक/ कर्मचारी र आवेदकको नाता प्रमाणित हुने नागरिकताको प्रमाणपत्र ।

८) **प्रवेश परीक्षा हुने मितिः**

२०६९ माघ ८ गते बिहान ११:०० बजे ।

# कृषि तथा वन विज्ञान विश्वविद्यालय
## रजिष्ट्रारको कार्यालय
## चितवन, नेपाल

सम्पर्क कार्यालय
पो. ब. नं. १३७१२
विनायक, धुर्वमार्ग,
मीनभवन, काठमाण्डौं


**परीक्षा केन्द्र:**

प्रवेश परीक्षा केन्द्र कृषि तथा वन विज्ञान विश्वविद्यालय, रामपुरमा रहनेछ ।

(क) भर्नाको लागि प्रथम नामावलीमा २०६९ माघ १० गते प्रकाशित गरिनेछ ।

(ख) स्थान खाली रहन आएमा २०६९ माघ १४ गते दोश्रो नामावली प्रकाशित गरिनेछ र दोश्रो नामावलीमा परेका विद्यार्थीहरुले २०६९ माघ १७ गते कार्यालय समयसम्ममा भर्ना भैसक्नु पर्नेछ ।

(ग) स्थान खाली रहन आएमा २०६९ माघ १९ गते तेश्रो नामावली प्रकाशित गरिने छ । तेश्रो तथा अन्तिम नामावलीमा परेका विद्यार्थीहरुले २०६९ माघ २१ गते कार्यालय समयसम्ममा भर्ना भैसक्नु पनैछ ।

डा.सूर्य कान्त घिमिरे
रजिष्ट्रार